## बारम्बार सोधिने प्रश्नहरू

### 1. स्वतन्त्र निवारण संयन्त्र (IRM) किन प्रयोग गर्ने?

IRM ले परियोजनाबाट प्रभावित व्यक्ति वा समुदायहरू बीच समयमै, निष्पक्ष र स्वतन्त्र संवाद गराएर वा अनुसन्धान गरेर समस्याहरू समाधान गर्न मद्दत गर्छ।

### 2. उजुरी गर्दा परियोजना रोकिन्छ?

रोकिँदैन। परियोजना रोक्ने निर्णय GCF को सचिवालय वा बोर्डले IRM प्रक्रियाको नतिजालाई ध्यानमा राखेर मात्र गर्न सकिन्छ।

### 3. यस्तो उजुरी गर्ने म्याद छ?

छ। यस्तो उजुरी GCF परियोजनाको नकारात्मक प्रभावबारे उजुरीकर्तालाई थाहा भएको २ वर्ष वा GCF परियोजना बन्द भएको २ वर्षभित्र पेस गरिसक्नुपर्छ।

### 4. IRM मा उजुरी गरेपछि के कस्ता परिणामहरू अपेक्षा गर्न सकिन्छ?

क्षतिको पूर्ति गर्ने उजुरीमाथि समयमै र स्वतन्त्र प्रतिक्रिया, र परियोजनासँग सिधैँ वा स्वतन्त्र छानबिनमार्फत समस्याहरू समाधान गर्नका लागि एउटा निष्पक्ष प्रक्रिया। विशिष्ट नतिजाहरू उजुरीमा उठाइएका समस्यामा निर्भर हुन्छ।

### 5. IRM र परियोजना-स्तरको गुनासो संयन्त्रमा के फरक छ?

IRM परियोजना प्रभावित मानिसले समस्या समाधान गर्न सक्ने अर्को माध्यम हो। विशेष गरी GCF नीतिहरू वा प्रक्रियाहरूको पालना नगरेको अवस्थामा यो उपयुक्त हुन्छ। उपयुक्त भएमा IRM ले स्थानीय गुनासो संयन्त्रहरूको प्रयोग गर्न प्रोत्साहन गर्दछ।

## हामीलाई सम्पर्क गर्नुहोस्


INDEPENDENT
REDRESS MECHANISM

**Green Climate Fund**
Songdo Business District
175 Art Center-daero
Yeonsu-gu, Incheon 22004
Republic of Korea

irm@gcfund.org
+82.32.458.6485
https://irm.greenclimate.fund/
@GCF_IRM





# GCF को INDEPENDENT REDRESS MECHANISM

जवाफदेहिता र समाधानको दीगो समाधान गर्दै

## हाम्रा बारेमा

**स्वतन्त्र निवारण संयन्त्र (IRM) भनेको** Green Climate Fund को जवाफदेहिता र निवारण संयन्त्र हो। Green Climate Fund विकासोन्मुख देशहरूलाई जलवायु परिवर्तनको सामना गर्न मद्दत गर्न, हरितगृह ग्याँस उत्सर्जन घटाउन र जलवायु परिवर्तनका प्रभावहरूसँग अनुकूलन गर्न सिर्जना गरिएको विश्वव्यापी कोष हो। IRM GCF सचिवालयबाट स्वतन्त्र हुन्छ र यसले सिधैं GCF बोर्डलाई रिपोर्ट गर्छ।

## हाम्रो भूमिका

IRM को मुख्य लक्ष्य GCF परियोजनाहरूबाट नकारात्मक रूपमा प्रभावित भएको विश्वास गर्ने मानिसहरूका उजुरी सम्बोधन गर्नु र GCF लाई यसको नीति र प्रक्रियाहरूप्रति वफादार र जबाफदेही हुन मद्दत गर्नु हो। *IRM ले उजुरीकर्ताहरूको गोपनीयताको*

## उजुरी कसरी गर्ने

### IRM ले के कस्ता उजुरीहरू हेर्न सक्छ?

GCF परियोजनाबाट (विचाराधिन रहेका सहित) हानि भएको वा हुन सक्ने भनेर विश्वास गर्ने कुनै पनि व्यक्ति, समूह वा समुदायले उजुरी दर्ता गर्न सक्छन्।

### यसका लागि के कस्तो जानकारी चाहिन्छ?

उजुरी पेग गर्नका लागि कुनै विशेष फारामको आवश्यकता पर्दैन। तर पनि उक्त उजुरीमा निम्न जानकारी समावेश हुनुपर्छ:

- उजुरी दर्ता गर्ने व्यक्ति (हरू) वा समुदायको नाम र सम्पर्क विवरणहरू
- GCF को लगानीमा चलेको परियोजना वा कार्यक्रमको संक्षिप्त विवरण
- हानि वा प्रभावको विवरण
- कुनै प्रतिनिधिद्वारा यो उजुरी पेग गरिएको हो भने प्रभावित व्यक्ति (हरू) वा समुदायबाट प्रतिनिधिले IRM मा उजुरी दर्ता गर्न अनुमति दिने पत्र

IRM ले कुनै पनि भाषामा उजुरी स्वीकार गर्छ। उजुरी हुलाक, इमेल, फ्याक्सबाट वा यस ब्रोसरपछाडि उल्लिखित ठेगानामा व्यक्तिगत रूपमा पठाउन सकिन्छ। उजुरी लिखित रूपमा, वा भिडियो वा भ्वाइस रेकर्डिङको रूपमा पठाउन सकिन्छ।

## उजुरीको प्रक्रिया कसरी अघि बढाइन्छ?

- IRM ले पहिले उजुरीको योग्यता निर्धारण गर्छ।
- योग्य भएमा IRM ले समाधानहरू पहिचान गर्न र सहमत हुन स्वैच्छिक समस्या-समाधान प्रक्रिया थाल्छ।
- समस्या समाधान सम्भव नहुने वा प्रभावकारी नहुने अवस्थामा IRM ले अनुपालन मूल्याङ्कन गर्छ र GCF नीतिहरूको पालना भएको छ वा छैन भन्ने कुरा पहिचान गर्न अनुसन्धान गर्न सक्छ र समाधान सिफारिस गर्न सक्छ।
- IRM ले समस्या समाधान सम्झौताहरू वा GCF बोर्डद्वारा प्रदान गरिएको कुनै पनि समाधान कार्यान्वयनको अनुगमन गर्छ।

*सम्मान गर्छ र अनुमति लिइएको अवस्थामा बाहेक IRM बाहेकका अन्य सबै पक्षहरू जानकारी*

*आदान प्रदान गर्दैन IRM ले अज्ञात उजुरीहरू स्वीकार गर्दैन।*